स्थानः बैठक कक्ष

समयः दिनको २.०० बजे

आज मिति २०८१/१०/२४ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक संख्याः१०

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

मिति: २०८१/१०/२४
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या १०

**बैठकका निर्णयहरू**

१०.१ पानिनी वेद विद्याश्रम छात्राबास निर्माण सम्बन्धमा चालु आर्थिक वर्ष २०८१/८२ मा पाणिनी वेदविद्याश्रम छात्राबास भवन निर्माण सन्धिखर्क नगरपालिका वडा नं २ सिद्देश्वर शिवालय अर्घाखाँचीका लागि सङ्घीय ससर्त अनुदान तर्फ रु ९० (नब्बे) लाख) विनियोजन भएकोमा उल्लिखित भवन निर्माणका लागि पानिनी वेद विद्याश्रमसँग आफ्नो जग्गा नभएको शिवालय मन्दिर सञ्चालक समितिको निर्णयबाट श्री जनज्योति माध्यमिक विद्यालयलाई जग्गा उपलब्ध गराउन अनुरोध गरेको आधारमा श्री जनज्योति माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट सिद्देश्वर शिवालय मन्दिरको पश्चिम तर्फ मेधासी भगवती मन्दिरको दक्षिण धनेश्वर पौवा जानेबाटोको चार किल्ला भित्रको जग्गा अति भिरालो तथा विद्यालयको लागि तत्काल उपयोग विहिन अन्दाजी पूर्व पश्चिम लम्बाइ २८ मिटर उत्तर दक्षिण चौडाइ १२ मिटर विद्यालयको स्वामित्वमा रहेको खाली जग्गामा भवन निर्माण गरी पाणिनी वेद विद्याश्रम छात्राबास निर्माण गरी सञ्चालन गर्नको लागि सिद्देश्वर शिवालय मन्दिरलाई भोगचलन गर्न दिने भनी निर्णय भएको देखिएको र सोही बमोजिम श्री जनज्योति माध्यमिक विद्यालयको पत्र सङ्ख्या २०८१/८२, चलानी नम्बर १३८, मिति २०८१/१०/१३ को पत्र, २ नम्बर वडा कार्यालयको पत्र सङ्ख्या २०८१/८२, चलानी नम्बर ७१५, मिति २०८१/१०/१५ को सिफारिस पत्र श्री सिद्देश्वर शिवालय मन्दिर सञ्चालक समितिको पत्र सङ्ख्या २०८१/८२ चलानी १६१, मिति २०१०/१८ को पत्र समेतका आधारमा श्री जनज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिले उपलब्ध गराएको स्थानमा छात्राबास भवन निर्माण गर्ने ।

१०.२ सन्धिखर्क नगरपालिकाबाट आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारबाट विशेष अनुदान तर्फ श्री भगवती आधारभुत विद्यालय भवन निर्माण सन्धिखर्क ९ र स्वास्थ्य चौकी भवन निर्माण (वडा नम्बर ७, ८ र ११) योजना स्वीकृत भइ सोही बमोजिम नगरपालिकाबाट उल्लिखित योजनाहरूको निर्माण कार्यका लागि सम्बन्धित निर्माण व्यवसायीसँग क्रमशः मिति २०७९/१२/०७ र २०७९/११/०८ मा सम्झौता गरी सम्बन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य सम्पन्न गरी भुक्तानी माग गरेको हुँदा नगरपालिकाबाट हालसम्म तपसिलमा उल्लिखित विवरण बमोजिमको रकम भुक्तानी गरिएको र बाँकी नपुग बहुवर्षिय योजनाको रुपमा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको रकम निकासा प्राप्त नभएका कारण भुक्तानी गर्न बजेट नभएको हुँदा भुक्तानी बाँकी मलेप फाराम नं २२१ समेत प्रमाणित गरी राखिएकोले उल्लिखित योजनाको रकम भुक्तानीका सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीले पटकपटक यस कार्यालयमा भुक्तानी माग गरेकाले सो सम्बन्धमा चालु आर्थिक वर्ष २०८१/८२ का उल्लिखित योजनाहरूको रकम भुक्तानीका लागि रकम विनियोजन नभएकोले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १९ मा रहेको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ मा उल्लिखित योजनाहरूमा रकम भुक्तानी गरी फरफारक गर्ने व्यवस्थाका लागि सम्पन्न योजनाहरूको आवश्यक कागजातहरू, भुक्तानी बाँकी मलेप फाराम नं २२१ र सम्पन्न योजनाको रङ्गिन तस्विर सहित रकम निकासा गर्ने व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगमा पठाउने ।

१

देहायः

| सि. नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | खुद भएको कार्यको मूल्याङ्कन रकम | आ.व २०८०/८१ सम्मको भुक्तानी रकम | मलेप २२१ बमोजिम भुक्तानी हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री भगवती आधारभुत विद्यालय भवन निर्माण | के.सी प्रतिक्षा सृजना निर्माण जे.भी | ३,०९,१४,६३८। | २,९४,३७,२७७। | २,३०,५४,८८३। | ६३,८२,३९४। | |
| २. | स्वास्थ्य चौकी भवन निर्माण ( ७ ८ र ११ ) | प्रतिभा /खनाल ब्रदर्श / सम्झना जे.भी | ५,७६,३९,६०४। | ५,४७,४३,१८०। | २,७२,४१,९१०। | २,७५,०१,२७० । | |

१०.२.१ सन्धिखर्क नगरपालिकाबाट आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारबाट समपूरक अनुदान तर्फ ढोरपाटन बेहोरे कुल पल्लबारी दुवार गच्छे सडक स्तरोन्नती गर्ने योजना स्वीकृत भइ सोही बमोजिम नगरपालिकाबाट उल्लिखित योजनाहरूको निर्माण कार्यका लागि सम्बन्धित निर्माण व्यवसायीसँग मिति २०७९/११/३० मा सम्झौता गरी सम्बन्धित निर्माण व्यवसायीले कार्य गरेको सम्झौता बमोजिम कार्य सम्पन्न गरी भुक्तानी माग गरेको हुँदा नगरपालिकाबाट हालसम्म तपसिलमा उल्लिखित विवरण बमोजिमको रकम भुक्तानी गरिएको र बहुवर्षिय योजनाको रुपमा राष्ट्रिय योजना आयोगवाट स्वीकृत भएको रकम निकासा प्राप्त नभएका कारण भुक्तानी बाँकी मलेप फाराम नं २२१ समेत प्रमाणित गरी राखिएकोले उल्लिखित योजनाको रकम भुक्तानीका सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीले पटकपटक यस कार्यालय भुक्तानी माग गरेको सो सम्बन्धमा चालु आर्थिक वर्ष २०८१/८२ उल्लिखित योजनाको रकम भुक्तानीका लागि सङ्घीय सरकारबाट म्याचिङ्ग गर्नु पर्ने रकम निकासा नभएको हुँदा उल्लिखित रकम समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा २० मा रहेको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ मा भुक्तानी गरी फरफारक गर्ने व्यवस्थाका लागि सम्पन्न योजनाको आवश्यक कागजात, भुक्तानी बाँकी मलेप फाराम नं २२१ र सम्पन्न योजनाको रङ्गिन तस्विर सहित बाँकी रकम निकासा गर्ने व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगमा पठाउने ।

देहायः-

| सि. नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | खुद भएको कार्यको मूल्याङ्कन रकम | आ.व २०८०/८१ सम्मको भुक्तानी रकम | आ.व २०८०/८१ सम्म सङ्घीय सरकारको भुक्तानी रकम | मलेप २२१ बमोजिम भुक्तानी हुन बाँकी रकम | सङ्घीय सरकार म्याचिङ बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री ढोरपाटन बेहोरे कुर पल्लाबारी दुवार गच्छे सडक स्तरोन्नती | पि.टि.आर अधिकारी .पौडेल श्रीकृष्ण जे.भी | ७,७६,८१,८०२ | ७,०८,३०,३३४ | ४,४२,८४,९६१ | २,७६,४६,११६ | २,६५,४५,३७२ | ७७,६९,०५१ |



CamScanner

१०.२.२ सङ्घीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, (तेस्रो संशोधन) २०७७ बमोजिम आ.व २०८०/८१ मा स्वीकृत देहायका वडा कार्यालय भवन निर्माण योजना आगामी आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने र उल्लिखित क्रमागत योजनाको हालसम्म देहाय बमोजिम रकम भुक्तानी भइ बाँकी रहने रकम मध्ये सन्धिखर्क नगरपालिकाले बेहोर्नु पर्ने रकम रू ८१,९०,००० । (एकासी लाख नब्बे हजार) को श्रोत सुनिश्चित गर्ने र सङ्घीय सरकारको तर्फबाट श्रोत सुनिश्चित भए मध्ये आर्थिक वर्ष २०८२/८३ मा रू १,७७,१७००० । (एक करोड सतहत्तर लाख सत्रहजार) मात्र माग गर्ने ।

देहायः-

क्रमागत योजना (रु हजारमा)

| प्राथमिकता क्रम | आयोजनको नाम | क्षेत्र | सम्झौता रकम | हालसम्म भुक्तानी रकम | जम्मा भुक्तानी बाँकी | सङ्घीय सरकारको बाँकी | न.पा. म्याचिङ बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | वडा कार्यालय भवन वडा नं ५, ६, ७, ८ र १२ | सडक पूर्वाधार | ७४५०६ | ३४३८० | २५९०६ | १७७१७ | ८१९० | क्रमागत |

१०.२.३ सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि मिति २०८१/१०/१६ मा श्री राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम सङ्घीय समपूरक कार्यविधि, २०८१ को दफा ३ को खण्ड (झ) (स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र र बजार जोड्ने स्थानीय सडक) मा रहेको व्यवस्था बमोजिम देहायको योजना छनोट गरी कार्यविधिको दफा ४ बमोजिम सोही कार्यविधिको अनुसूची-१ अनुसार प्रस्ताव तयार गरी समपुरक अनुदानको लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने र सोको लागि नगरपालिकाको तर्फबाट ६० प्रतिशत लागत साझेदारी गर्ने गरी श्रोत सुनिश्चित गर्ने;

| प्राथमिकता क्रम | आयोजनाको नाम | क्षेत्र | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | फुद्वाङ-डिही-किटेनी-खाँचीमैदान-खाँचीखोला देउराली सडक स्तरोन्नती । | सडक पूर्वाधार | ६,९९,५६,१४२.९१ | नयाँ |

१०.२.४ सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने आयोना वा कार्यक्रमका लागि मिति २०८१/१०/१६ मा श्री राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना बमोजिम सङ्घीय विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १ को सि.नं (४) को खण्ड (ख) (कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा बिक्री केन्द्र स्थापना) मा रहेको व्यवस्था बमोजिम विशेष अनुदानबाट सञ्चालन गर्न देहायको योजना छनोट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेस गर्ने ।

देहायः-

| प्राथमिकता क्रम | आयोजनाको नाम | क्षेत्र | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि जन्य वस्तु सङ्कलन तथा बिक्री केन्द्र निर्माण स्थापना र उपकरण व्यवस्थापन आयोजना सन्धिखर्क- १ अर्घाखाँची । | आर्थिक | २,९९,८६,३९६.७१ | |

**१०.३** सङ्घीय ससर्त अनुदान तर्फ प्राप्त कफी पकेट कार्यक्रम सञ्चालनका लागि मिति २०८१/८/१८ को निर्णय नम्बर ६.१३ बाट छनोट भएका वडाहरू क्रमश ४, ११ र १२ मा कार्यक्रम सञ्चालनका लागि २ पटक सार्वजनिक सूचना गर्दा कार्यक्रम कार्यान्वयनका लागि कुनै पनि प्रस्ताव पेस हुन नआएकोले सोही सन्दर्भमा २०८१/१०/२२ गतेका दिन कृषि उत्पादन केन्द्र कफि पकेट विकास कार्यक्रम सञ्चालनार्थ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन मेनुअल, २०७७ बमोजिम निर्देशित प्राविधिक समितिबाट सन्धिखर्क नगरपालिकाको सम्भावित क्षेत्र वडा नम्बर ५, ८, ९ र १० वडा छनोटका लागि सिफारिस भइ आएकोले सोही बमोजिम वडा नम्बर ५, ८, ९ र १० वडा छनोट गरी कार्यक्रम सञ्चालन गर्ने र पूर्व निर्णय बमोजिमको वडा नम्बर ११ बाट १५००। (एक हजार पाँचसय) विरूवा माग भइ आएकोले उक्त वडालाइ यथावत कायम राखी कार्यक्रम सञ्चालन गर्ने,

**१०.४** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरी नेपालको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, १६४ मिति २०८१/१०/०४ को पत्र साथ प्राप्त कार्ययोजना कार्यान्वयनका लागि प्राप्त निर्देशनको पालना गर्दै सोको कार्यान्वयनका लागि आवश्यक कार्यविधि वा मापदण्ड तर्जुमा गर्ने,

**१०.५** सन्धिखर्क नगरपालिकामा १ (एक) वटा ब्याक हो लोडर रहेको उल्लिखित ब्याक हो लोडरमा सन्धिखर्क नगरपालिका वडा नं ११ निवासी वसन्त कुँवरले मिति २०८१/३/२५ देखि दैनिक ज्यालादारीमा कामकाज गरिरहनु भएको र निजले दैनिक ज्यालादारीबाट करार सेवामा कार्य गर्ने अवसर पाउँ भनी निवेदन दिनुभएको र निजको कार्य सम्पादन क्षमता प्रभावकारी देखिएकोले निजलाइ सन्धिखर्क नगरपालिकाको स्वीकृत दरबन्दीमा अपरेटर पदमा करार सेवामा सेवा लिने र निजलाइ हे.वि चालकले पाउने तलबका अतिरिक्त मेशिन सञ्चालन गर्दा भत्ता प्रति घण्टा रु १५०।(एक पचास) उपलब्ध गराउने। उल्लिखित भत्ता सम्बन्धित वडा कार्यालयले व्यवस्थापन गर्ने,

**१०.६** सन्धिखर्क नगरपालिकाको वार्षिक नगर विकास योजनाको खर्च सङ्केत नम्बर २२४१३ मा विनियोजित रकमबाट करार सेवा शुल्क तर्फ विनियोजित रकम अपुग हुने देखिएकोले उल्लिखित शीर्षकमा नपुग हुने रकम मिल्दो शीर्षकमा बचत हुने रकमबाट भुक्तानी गर्ने ,



CamScanner

१०.७ सन्धिखर्क नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको आ.व. २०८०/८१ को (GESIS) अडिटबाट ६६ अङ्क प्राप्त भएको विषय बैठकमा प्रस्तुत भइ उल्लिखित विषयमा आगामी दिनमा थप अङ्क प्राप्त गर्ने गरी कार्य गर्ने ।थप सुधारात्मक क्रियाकलाप सहित उत्कृष्ट अङ्क प्राप्त गर्न प्रयास गर्ने ।

१०.८ प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ वडा कार्यालयहरुबाट सिफारिस भइ आएका योजनाहरूलाई वडाबाट प्राप्त सिफारिस बमोजिम प्राथमिकताक्रमको आधारमा कार्यान्वयन गर्ने ।

१०.९ सन्धिखर्क नगरपालिका भित्र हुन सक्ने प्राकृतिक विपद् तथा गैर प्राकृतिक विपद्लाइ न्यूनीकरण गर्न वार्षिक कार्य योजना निर्माण गरी तदनुरूप विपद् व्यवस्थापनको तयारी गर्ने र सोको लागि वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजकको संयोजकत्वमा कार्य योजना निर्माण समिति गठन गरी आगामी नगर कार्यपालिका बैठकमा पेस गर्ने ।
देहायः

१. संयोजक- जम्शेर मियाँ वडा अध्यक्ष वडा नं ३,
२. सदस्य- मुक्तिराम खनाल अधिकृत,
३. सदस्य-सचिव प्रकाश परियार जनस्वास्थ्य निरीक्षक एवम् विपद् व्यवस्थापन सम्पर्क व्यक्ति ।

१०.१० सुलभ कृषि कर्जाको लागि नेपाल बैङ्क लि. मा रहेको रकम रु ६२,८८,०००। (बैसठ्ठी लाख अठासी हजार) संशोधित विनियोजन विधेयकको आम्दानी तर्फ समावेश भएको जसमध्ये ३२,८८,०००। (बत्तिस लाख अठासी हजार) रकम सन्धिखर्क नगरपालिकाको सञ्चितकोषमा फिर्ता माग गर्ने सोही विषय क्षेत्रसँग सम्बन्धित देहायका योजनालाई देहाय बमोजिम रकम विनियोजन गरी वार्षिक नगर विकास योजनामा समावेश गर्ने ।
देहायः-

१. शान्ति वगैंचा सिँचाई तथा खानेपानी डिप वोरिङ् रू १० (दश) लाख,
२. राशायनीक मल विषादी तथा हाइविरीड विउ प्रयोग विधि एवम् माटो परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम १८८०००।
३. हाट बजार व्यावस्थापन रू २१ (एक्काइस) लाख, मात्र ।

जम्मा रू ३२,८८,०००। (बत्तिस लाख अठासी हजार)

१०.११ चालु आर्थिक वर्ष २०८१/८२ मा सन्धिखर्क नगरपालिकबाट भए गरेका कार्यको विषयमा उपयुक्त मिति तय गरी सार्वजनिक सुनुवाइ १० नम्बर वडामा आयोजना गर्ने ।

१०.१२ नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाइ थप सरलीकृत र प्रभावकारी बनाइ नागरिक मैत्री सेवा प्रवाहका लागि कार्यपालिकाको कार्यालयले उपयुक्त दिन र स्थान छनोट गरी एकिकृत घुम्ती शिविर सञ्चालन गरी सेवा प्रवाह गर्ने ।

देहायः-

घुम्ती सेवामा उपलब्ध गराउने सेवाहरू

१. योजना सम्झौता भुक्तानी,
२. व्यवसाय दर्ता तथा नवीकरण,
३. राजस्व असुली,

CamScanner

४. अपाङ्गता परिचय पत्र वितरण,
५. प्राथमिक स्वास्थ्य उपचार,
६. लागत अनुमान, मूल्याङ्कन, अनुगमन सिफारिस,
७. अभिभावक शिक्षा तथा विद्यालय अनुगमन,
८. वित्तिय साक्षरता र मनोसामाजिक परामर्श सेवा,
९. बाली उपचार,
१०. माटो परीक्षण,
११. पशु स्वास्थ्य उपचार आदी ।

१०.१२ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्धन शाखाको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, १६६ मिति २०८१/०९/२८ को पत्रबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त ३१ बुँदे सुझाव बैठकमा पेस भइ जानकारी भयो । नगरपालिकासँग सम्बन्धित विषयवस्तुहरूमा आगामी दिनमा नगरपालिकाबाट सुझावहरु कार्यान्वियन गर्ने,

१०.१३ सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभागको पत्र सङ्ख्या २०८१/८२ चलानी नम्बर, ७०२ मिति २०८१/०९/२४ विषय निर्णय कार्यान्वयन सम्बन्धमा विषय पत्र बैठकमा पेस भइ जानकारी भयो ।सोही पत्र बमोजिम आगामी दिनमा पूर्व स्वीकृति लिएर मात्र कार्य गर्ने,

१०.१४ सन्धिखर्क नगरपालिका भित्र जन्म भइ हाल भारत र सार्कमूलुक बाहेक अन्य देशहरूमा बसोबास गर्ने नागरिकले गैर आवासीय नेपाली नागरिकता प्राप्तिका लागि निवेदन गरेमा सोको सिफारिस लागि राजस्व परामर्श समितिबाट प्रति नागरिकता सिफारिस शुल्क रु १०००। (एक हजार) लिइ नागरिकता सिफारिस गर्न कार्यपालिकामा सिफारिस गर्ने भनी सिफारिस भइ आएकोले सोही बमोजिम प्रति नागरिकता सिफारिस शुल्क रु १०००।(एक हजार) लिइ नागरिकता सिफारिस गर्ने विषय संशोधित आर्थिक विधेयकमा समावेश गर्न आगामी नगर सभाको बैठकमा सिफारिस गर्ने,

१०.१५ श्री सुपादेउराली मन्दिर दर्शनका लागि आउने तिर्थालु भक्तजनरहरूको सुरक्षार्थ मन्दिर दर्शनमा सरल र सरलीकृत गर्न हाल उपलब्ध गराएको सुरक्षा व्यवस्थामा थप सुधार गर्न आवश्यक देखिएकोले सन्धिखर्क नगरपालिकाबाट मन्दिर क्षेत्रमा निर्मित जेष्ठ नागरिक आवास गृह तथा धर्मशालामा हाललाई प्रहरी विट राख उक्त भवन मा रहेका २ वटा कोठा जिल्ला प्रहरी कार्यालयलाई अर्को व्यवस्था नहुँदा सम्म प्रयोग गर्न दिइ सुपादेउराली मन्दिर क्षेत्रभित्रको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालयलाई अनुरोध सहित पत्राचार गर्ने,

१०.१६ फोहरमैला प्रशोधन केन्द्रमा उत्पादित नगरपालिकाकाले खरिद गरेको प्रति के.जी रू २४ रहेको प्राङ्गागारिक मलमा सन्धिखर्क नगरपालिकाको तर्फबाट ७५ प्रतिशत छुट गरी आम नागरिक, विभिन्न फर्म वा समूहलाई (फस्ट कम फस्ट सर्भ) को आधारमा रू ६ (छ) मात्र राजस्व लिइ नगरपालिकाको कृषि शाखाले वितरण गर्ने व्यवस्था मिलाउने,

१०.१७ वडा नं २ स्थित चुत्रावेशी बजारको दुर्गा मन्दिर नजिक रहेको पार्क एरियामा सवारीका साधन र सो क्षेत्रमा रहेको जनघनत्वका कारण हुन सक्ने संभावित दुर्घटनालाई न्यूनीकरण गर्न पार्कको केही भाग लिइ सडक चौडा गरी पार्क व्यवस्थित गर्ने र वडा नं १ स्थित शान्ति बगैंचाको प्राविधिक नापजाँचका आधारमा उल्लिखित पार्क/एवम् बगैंचाको सौन्दर्यता बढाउन स्तरोन्नती गर्ने,

१०.१८ आ.व. २०८१/८२ मा सन्धिखर्क नगरपालिकाबाट स्वीकृत भइ सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रम र आन्तरिक आय समेतका विभिन्न विषयमा जिल्ला स्तरीय अनुगमन समिति, नगर प्रमुख, नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजक एवम् नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भएका अनुगमन प्रतिवेदनहरू बैठकमा पेस भइ जानकारी भयो । सो सन्दर्भमा अनुगमनको क्रममा दिइएका सुझाव तथा निर्देशनहरू स्थलगत रूपमा कार्यान्वयन भएको र आगामी दिनमा समेत अनुगमन तथा सुपरीवेक्षणको कार्यलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय गरियो,

१०.१९ सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/९/२६ मा बसेको नगर कार्यपालिका बैठक निर्णयहरूको कार्यान्वयनका अवस्था बारे समीक्षा भयो । उल्लिखित मितिमा भएका निर्णयहरू प्रभावकारी ढंगले कार्यान्वयन भएको पाइयो । आगामी दिनमा कार्यपालिका बैठकबाट भएका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ,

१०.२० सन्धिखर्क नगरपालिका वडा नं ४ निवासी दामोदर वस्नेत सन्धिखर्क नगरपालिकाको जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रबासी श्रोत केन्द्रको कार्यकक्षमा रहेको पानी तताउने इलेक्ट्रीकबाट दुर्घनामा परी घाइते हुनु भएकोमा निजको स्वास्थ्य उपचारको क्रममा खर्च भएका विल भरपाइरु पेस भएको आधारमा बढीमा रु ६० (साठी) हजार विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने,

१०.२१ सन्धिखर्क नगरपालिकामा विगत १८ वर्ष देखि करार सेवामा कार्यरत कार्यालय सहयोगी श्री देविराम पौडेल उमेर हदका कारण अनिवार्य अवकास हुनु भएकोले निजले हाल सम्म नगरपालिकालाई गरेको योगदानको मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरूप एकमुष्ट रू १ (एक लाख) नगरपालिकाबाट उपयुक्त खर्च शीर्षकबाट भुक्तानी दिने ।

१०.२२ चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लिखित नगर स्तरीय योजना संशोधनका लागि पेस भएकोमा उक्त योजना संशोधन गरी उल्लिखित निर्णय अनुमोदनका लागि आगामी नगर सभा अधिवेशनको दोश्रो बैठकमा पेस गर्ने ।

देहायः

| सि. नं. | साविक योजनाको नाम | रकम रू. | संशोधित नाम | रकम रू. | श्रोत |
|---|---|---|---|---|---|
| १. | मेयर रिसर्च फेलोसिप कार्यक्रम(नगर स्तरीय) | १०००००। | सूचना प्रविधि डिभाइस खरिद तथा लाइसेन्स नवीकरण । | १०००००। | आन्तरिक आय |

११.२३ सन्धिखर्क नगरपालिकाको विधायन समितिबाट मस्यौदा भई पेस भएको सन्धिखर्क नगरपालिकाको अक्सिजन कन्सन्ट्रेटर ( Oxygen Concentrator ) मेशिन सञ्चालन मापदण्ड, २०८१ स्वीकृत गर्ने ।



CamScanner